# रेडियो बाराहीमा लैङ्गिक हिंसा विरुद्ध अन्तरसंवाद कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २१ मंसिर

वक्ताहरु भन्छन्, 'मौसमी खेती जस्तो १६ दिने अभियानले पुग्दैन, ३६५ दिनै आवाज उठाउनु पर्छ'

पोखरा, मंसिर २१ गते ।

'सभ्य समाजको पहिचान : लैगिंक हिसां विरुद्ध'को १६ दिने अभियान अन्तर्गत १३ औं दिन बुधबार पोखराको राष्ट्रबैंक चोकमा अवस्थित रेडियो बाराही ९९.२ मेगाहर्जको प्राङगणमा लैङ्गिक हिंसा न्युनिकरणमा मिडिया र सरोकारवालाको भूमिकाको बारेमा अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा लैङ्गिक हिंसा न्युनिकरणका लागि विभिन्न संघसंस्थामा आवद्ध भई लामो समयदेखि कार्यरत रहेका व्यक्तित्वको सहभागिता रहेको थियो। सहभागी वक्ताहरुले लैङ्गिक हिंसा न्युनिकरणका लागि सर्वप्रथम समाजका सम्पूर्ण नागरिकमा सकरात्मक चेतनाको विकास हुनुपर्ने र त्यसका लागि मिडिया र सरोकारवाला संघसंस्थाले तीव्र सचेतना फैलाउनु पर्नेमा जोड दिएका थिए।



वक्ताहरुले लैङ्गिक हिंसा निमित्यान्न पार्नका लागि मौसमी खेती गरेजस्तो १६ दिने अभियान मात्र गरेर नहुने भन्दै ३६५ दिन नै हिंसा विरुद्ध आवाज उठाउनुपर्ने र चेतना मुलक कार्यक्रम गर्नुपर्ने बताएका छन् । हिंसाको 'कज रुट'(प्रमुख कारण) पत्ता लगाउन सकेमात्र यसलाई न्युनिकरण गर्न र निर्मुल पार्न सकिने भनाई राख्दै यसका लागि मिडिया, सरोकारवाला निकाय, प्रहरी प्रशासन, मनोपरामर्श विद् सबैको सहकार्य आवश्यक पर्ने उनीहरुको भनाई थियो । गैह्रसरकारी संस्था महासंघ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले लैगिंक हिंसा बढ्नुमा मुख्य त राज्य दोषी रहेको गुनासो गर्नुभएको थियो । राज्य र राजनीतिक नेतृत्वका व्यक्तिहरुले आफुहरुको मात्र स्वार्थ परिपूर्ति गर्नतर्फ लाग्दा देशमा हिंसा बढ्दै गएको तर्क राख्दै कानुन भएता पनि कानुनको कार्यान्वयन भने नभएको सुवेदीको ठम्याई थियो ।

अन्तरसंवादमा सहभागी जिल्ला प्रहरी कार्यालय कास्कीकी प्रहरी निरीक्षक(महिलासेलकी) समिक्षा घिमिरेले कास्कीमा श्रीमानबाट कुटपिट भएको भन्दै दैनिक कम्तिमा ३,४ केस आफूहरु कहाँ आउने गरेको बताउनुभयो । प्रेममा पर्ने र फिजिकल रिलेसनमा बस्ने छुटेपछि त्यसलाई बलात्कारको उजुरी दिन आउनेको संख्या पनि उत्तिकै बढ्न थालेको भन्दै सानो उमेरमा परिवारलाई थाहा नदिई बिहे गर्ने परिवारले थाहा पाएपछि छुटाउन खोजे सुसाइड एटेम्ट गर्ने जस्ता केसहरु बढ्न थालेकाले सचेतना मुलक अभियान कार्यक्रम या विद्यालयमा यस्ता खालका विषयलाई समावेश गरि चेतना फैलाउन आवश्यक रहेको प्रहरी निरीक्षक घिमिरेको भनाई थियो । कोपिला नेपालकी कार्यकारी निर्देशक बिना सिलवालले लैङ्गिक हिंसा न्युनिकरणमा मिडियाको भुमिका मुख्य रहेको बताइरहँदा मिडियामा कार्यरत कर्मचारीले आफैले सर्वप्रथम आफुमाथि हिंसा भएको छैन भनेर महसुस गर्न सक्नुपर्नेमा जोड दिनुभएको थियो । तब मात्र मिडियाकर्मीले समाजमा भएका हिंसा न्युनिकरणमा आवाज उठाउन सक्ने उहाँको भनाई थियो । कास्की जस्तो जिल्लामा पनि विभिन्न हिंसाका मुद्धा ४/५ लाख पैसा दिएर मिलाइने गरेको घटनाहरु बाहिर नआउनु दुखद भएको भन्दै कतिपय हिंसाका घटना मिडियाले उजागर गरे पनि प्रहरी कहाँ पुग्दा ती घटना त्यही सेलाउने, अदालतमा पुगेको केस पैसाले मिलाईदा हिंसामा परेकाले न्याय पाउन नसकेको र हिंसा न्युनिकरणमा चुनौती थपिएको उहाँको भनाई थियो । सोही अन्तरसंवाद कार्यक्रममा आफ्नो भनाई राख्दै नेपाल पत्रकार महासंघ कास्कीकी उपाध्यक्ष जमुना वर्षा शर्माले हिंसाका समाचार प्रकाशन तथा प्रसारण हुने तर हिंसा गर्नेलाई भएको कारबाहीका बारेमा समाचार सम्प्रेषण कम हुदाँ पनि हिंसा गर्नेहरु हौसिने भएकाले हिंसा बढ्ने गरेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा रेडियो बाराहीका निर्देशक किरण के.सीले हिंसा न्युनिकरणका लागि पहिले आफैंलाई सही मार्गमा हिडाउनु पर्नेमा जोड दिनुभयो । लैगिंक हिंसामा मुख्यतः महिला हिंसाका घटना बाहिर आउने गरेको भन्दै उहाँले महिलालाई हिंसा गर्नु भन्दा पनि शक्तिको रुपमा लिन सके परिवार असल हुने र समाजका एक एक परिवार असल हुन सके समाज त्यसै असल र हिंसामुक्त समाज बन्ने भनाई राख्नुभयो । केसीले ध्यान र आध्यात्मले पनि हिंसा न्युनिकरणमा मद्दत पुग्ने भन्दै आध्यात्मले थर्ड आई( तेस्रो आँखा) अर्थात सकरात्मक चेतना अभिवृद्धि गर्ने भएकाले हिंसा न्युनिकरणमा सहयोग पुग्ने उहाँको भनाई थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगकी गण्डकी प्रमुख मायादेवी शर्मा, एडभोकेसी फोरमकी कुन्जनी परियार, इन्सेक पोखराका शिव खकुरेल, महिला मानव अधिकार संजालकी केशु भूजेल, चिल्ड्रेन नेपालकी यशोदा पौडेल, एनजिओ फेडेरेसन कास्की अध्यक्ष तथा विकास नेपालका अध्यक्ष डा.बुद्धी थापाले महिला हिंसासँगै समाजमा हुने अपराधिक घटनाको बारेमा बिश्लेषण गर्दै सो घटनालाई न्युनीकरण गर्न हरेक निकायबाट आफ्नो भुमिकालाई सशक्त ढंगले लैजानु आजको मुख्य उद्धेश्य रहेको भनाई राख्नुभएको थियो ।

यस्तै नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटा, संचारिका समुह कास्कीकी अध्यक्ष कविता श्रेष्ठ, दलित महिला संघ कास्कीकी इश्वरी वि.क, महिला मञ्च कास्कीकी मना सेरचन, थ्रिएन्जल नेपालका रमेश पाण्डे लगायतले महिलाको हिंसा सम्बन्धित सवाल सँगै हरेक बिषयबस्तु घर हुदै विद्यालय स्तरमा अध्ययन गराईनुपर्ने भन्दै समाजले स्वीकार गर्न खोज्ने तर व्यवहारमा कार्यान्वयनमा ल्याउन नखोज्ने प्रविधि पनि निष्क्रिय पारि नुपर्ने उहाँहरुको भनाई थियो ।

रेडियो बाराहीका कार्यकारी निर्देशक रमेश पौडेलले कार्यक्रममा उपस्थितलाई स्वागत गर्दै रेडियो बाराहीले लैगिंक हिसांका मुद्धालाई सेन्सेटिभ भएर उजागर गरेको र यस्ता हिंसाका विरुद्ध आवाज उठाइरहेको बताउनुभयो । मंसिर ९ गतेदेखि देशभर सुरु भएको लैगिंक हिसां विरुद्ध'को १६ दिने अभियान मंसिर २४ गतेसम्म चल्नेछ ।

# नेपालका आर्यन र अमेरिकाका आरभ जोडी सेमिफाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, २१ मंसिर

नेपालमा आर्यन गिरी र अमेरिकाका आरब शमसेर हाडाको जोडी पोखरामा जारी आइटीएफ जे-५ सर्किट-२ टेनिस प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् ।

आर्यन जोडीले बुधबार भएको क्वाटरफाइनल खेलमा स्पेनिस खेलाडी भिक्टोर मोहनराम र भारतका धिरज रेड्डीको जोडीमाथि ६-०, ६-२ को सहज जित निकाल्दै अन्तिम चारमा स्थान बनाएका हुन् । नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत मेन्स डबल्सतर्फ भारतका आर्यन अरोरा र मायंक सर्माको जोडीले भारतकै बंश नन्दल र रसियाका फेडोर सोसेड्कीनको जोडीलाई पराजित गर्दै सेमिफाइनलमा पुगे । त्यस्तै, भारतका सभ्रमन्यु सिंह र ओमर रेहानको जोडीले ताइपेइका चेन हुई हो र अमेरिकाका हानु पटेलमाथि विजय प्राप्त गरे भने अर्को क्वाटरफाइनलमा ताइपेइका के हाउ होङ र केइ इन याङको जोडीले कोरियाका जिवन पार्क र मलेशियाका केगन केथमाथि जित निकाले ।



महिला डबल्सतर्फ नेपालकी रायना शाह र भारतका स्निग्दा कान्त, भारतकै काइरा सिद्धार्थ र दुर्गान्सी कुमार, अमेरिकाका कासिस कान्त र भारतका गंगा मोहन तथा भारतकै दिशा बेहेरा र मन्दग्ला प्रिन्सीको जोडीले क्वाटरफाइनलमा स्थान बनाएका छन् ।

# पोखरा महोत्सवका ६० प्रतिशत स्टल बुकिङ

पोखरापत्र संवाददाता
पोखरा, २१ मंसिर

पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौ संस्करणको पोखरा महोत्सवको ६० प्रतिशत स्टल बुकिङ भएको छ ।

युनाईटेड क्लवको आयोजनामा आगामि पुषको २७ देखि माघको ९ गते सम्म अमर सिंह चौरमा आयोजना हुने एघारौं संस्करणको पोखरा महोत्सवका लागि स्टल खुल्ला गरिएको दोश्रो दिनमा ६० प्रतिशत स्टल बुकिङ सम्पन्न भएको महोत्सव स्टल ब्यवस्थापन उपसमिति संयोजक सिमा गुरुङले जानकारी दिइन । महोत्सवमा २ सय ५९ वटा स्टल रहेको र त्यसको ६० प्रतिशत बुकिङ भइसकेको गुरुङले वताइन । महोत्सवमा ब्यवशायिक स्टल बाहेक ६ वटा स्टल पर्यटन प्रवर्द्धनका लागि निशुल्क गरिएको छ (जहां ग्रामिण पर्यटन पर्वद्धन गर्ने गरी स्टल राख्न सकिनेछ) । त्यसैगरी महोत्सवमा १२ वटा रेष्टुरेण्ट र अन्य ब्यवशायिक स्टलहरु हस्तकला, अटो, कृषि उपज तथा उत्पादन लगायतका स्टलहरु रहने छन । स्थापना कालदेखी पोखराको अमरसिंह चौरमा पोखरा महोत्सवको आयोजना गरि शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धनका लागि खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी, सेतीनदी संरक्षण र विपद ब्यवस्थापनको क्षेत्रमा युनाईटेड क्लवले काम गर्दै आइरहेको छ । जस अनुरुप युनाईटेड क्लवको पहलकदमीमा कास्कीको पोखरा महानगरपालिका वडा नम्बर ३०, ३१ र ३२ मा हाल चिडियाखाना निर्माणाधिन अवस्थामा रहेको छ भने त्यसको पूर्ण स्वामित्व गण्डकी प्रदेशले लिइ जिल्ला डिभिजन वन कार्यालय कास्की र चिडियाखाना निर्माण समिति मार्फत निर्माण कार्य अगाडि वढिरहेको छ। हाल सम्म चिडियाखाना निर्माणमा युनाईटेड क्लवले ५८ लाख ८५ हजार रुपैया प्रदान गरिसकेको क्लवका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिए ।

# दुई सय ६१ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती योजना

पोखरापत्र संवाददाता
तनहुँ, २१ मंसिर

व्यास नगरपालिका-१० स्थित बैरेनीमा दुई सय ६१ रोपनी क्षेत्रफलमा एकीकृत बस्तीका लागि योजना बनाउन लागिएको छ।

उक्त क्षेत्रको कूल एक हजार पाँच सय ३७ रोपनीमध्ये पहिलो चरणमा उक्त क्षेत्रफलमा बस्ती निर्माण योजना प्रक्रिया अघि बढाइएको हो । सो आयोजनाका लागि नगर विकास कोषको ७० र नगरपालिकाको ३० प्रतिशत लगानी हुनेछ । कोषले रु नौ करोड १० लाख ५० हजार चार सय र अन्य रकम प्रदेश तथा नगरपालिकाले लगानी गर्ने छन् ।

आयोजनाको विसं २०८० भित्र कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ। नगर विकास कोषसँग लिएको ऋण भुक्तानी गर्नुपर्ने अवधि छ वर्षको रहनेछ भने वार्षिक आठ प्रतिशत ब्याजदरमा ऋण लगानी गरिने कोषले जनाएको छ । उक्त क्षेत्रको कूल एक हजार पाँच सय ३७ रोपनीमध्ये पहिलो चरणमा दुई सय ६१ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती योजना निर्माण गर्ने लक्ष्य रहेको आयोजना प्रमुख इन्जिनियर रवीन्द्र मूलले जानकारी दिनुभयो ।

विसं २०७७ माघमा नगर विकास कोषको प्राविधिक सहयोगमा बैरेनी जग्गा एकीकरण विकास आयोजनाको सुरुआत गरी विसं २०७८ फागुन २ गते राजपत्रमा आयोजना स्वीकृतिको सूचना प्रकाशित भएपछि प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो । नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपाने र नगर विकास कोष (एनसेट) का कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटाले हस्ताक्षर गरी ऋण सम्झौता गर्नुभएको हो ।

दमौली बजार र भादगाउँ क्षेत्र बस्तीले साँघुरिँदै गएको अवस्थामा एकीकृत बस्ती बसाउन दीर्घकालीन सोचका साथ नगर विकास कोषसँग हातेमालो गर्दै नगरपालिका अघि बढेको नगरप्रमुख न्यौपानेले बताउनुभयो ।


## बाखाको खोर बिक्रीमा

मादी गाउँपालिका–८, रबैडाँडा, कास्की जिल्ला स्थित १३ रोपनी जग्गामा फुल फेन्सिङ्ग बार सहितको गेट भएको लम्बाई ६८ फुट, चौडाई २८ फुट, बिजुली पानीको राम्रो व्यवस्था भएको, ५०० खसी बाख्रा पाल्न मिल्ने, डिपिङ्ग ट्याक्त भएको, मूत्र संकलन व्यवस्था भएको, दाना चोकर राख्न मिल्ने तथा मान्छे बस्न मिल्ने ४ कोठा समेत भएको बाख्राको खोर तु बिक्रीमा छ। ईच्छुक व्यक्ति एवं फर्मले तु सम्पर्क गर्नुहोला।

रबैडाँडा तामाङ्ग कृषि फर्म
मादी गाउँपालिका–८, रबैडाँडा, कास्की

९८०६७७३२०७ (क्या. श्री धन ब. गुरुङ्ग)
९७४९४३२९१५ (ना.सु. श्री कृष्ण ब. गुरुङ्ग)
९८१६६४६१९८ (श्री डम्मर ब. गुरुङ्ग)

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# मानवअधिकार आयोगका सिफारिस कार्यान्वयन गर

नेपालमा मानवअधिकार उल्लंघन गर्नेलाई कार्वाही गर्न सरकार उदासीन हुने गरेको छ । सरकारले राष्ट्रिय मानवअधिकार आयोगको गरिमा घटाउन सिफारिस कार्यान्वयन नगर्ने र मानवअधिकारकर्मीलाई अनावश्यक विल्ला भिराउने काम गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगको स्तर खस्केको भनेर चिन्ता जाहेर गर्नेले मानवअधिकार उल्लंघनमा कार्वाही गर्न गरेको सिफारिस कार्यान्वयनमा दबाब दिन नसक्दा सरकार कानमा तेल हालेर बसेको छ । राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई गरेका सिफारिसमध्ये १५ प्रतिशत मात्रै पुर्णरुपमा कार्यान्वयन भएको पाइएको छ ।

आयोगले वुधबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको गत आर्थिक वर्षको प्रतिवेदन अनुसार आयोगका सिफारिसको सरकारले १५.३ प्रतिशत मात्रै कार्यान्वयन गरेको पाइएको हो । सरकार मानवअधिकार प्रति जिम्मेवार छैन भन्ने देखाउँछ । आयोगका अनुसार सिफारिसमध्ये आंशिक रुपमा भने ३९.२ प्रतिशत कार्यान्वयन भएका छन् भने ४५.५ प्रतिशत सिफारिस भने सरकारले कार्यान्वयन गर्न नै बाँकी रहेको आयोगका प्रवक्तासमेत रहेका सहसचिव डा.टिकाराम पोखरेलले दिएका छन ।

प्रबक्ताका अनुसार आयोगबाट गत आर्थिक वर्षमा अनुसन्धान सम्पन्न भएका जम्मा ४१४ उजुरीमाथी निर्णय भएको भएको छ । जसमा ६ वटा नीतिगत सिफारिस भएको छ । गत वर्ष मानव अधिकारको उल्लंघन वा हनन भउको भन्दै आयोगमा १०१ वटा उजुरी दर्ता भएको जनाएको छ । आयोगले उक्त अवधिमा २२१ पटक अनुगमन गरेको, आयोगले पुराना र नयाँ गरी ५०३ उजुरीमाथि अनुसन्धान गरेको प्रतिवेदनमा उल्लेख गरेको छ । आयोगका सिफारिस कार्यान्वयन हुन सकेमात्र उल्लंघन गर्नेहरू हच्किन्छन । पुरातन र रुढीबादी मानसिकताले गर्दा नेपाली समाजको ठूलो हिस्सा ग्रसित रहेको आयोगको ठहर छ ।

अधिकार, न्याय, स्वतन्त्रता र समानता लगायतका विषय उठान भए पनि व्यवहारमा भने अझै पनि नेपाली समाज जातीय भदेभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजो जस्तो कुप्रथाबाट मुक्त हुन नसकेको अवस्थाले मानव अधिकार उपभोगमा चुनौती सिर्जना गरेको प्रतिवेदनमा उल्लेख छ । नेपाली समाज अझै पनि पछौटे चिन्तनबाट मुक्त हुन सकेको छैन । मानवअधिकारको जागरण चलाउनुपर्ने उत्तिकै खाँचो छ । मानवअधिकारका कुरा आयोगको मात्र हो भनेर पन्छिन मिल्दैन । राजनीतिक दल, नागरिक समाज र संचार माध्यमले मानव मर्यादा कायम राख्ने र मानवअधिकारको लागि सरकारलाई दबाबमूलक कार्यक्रम ल्याउन घचघच्याइ रहनुपर्दछ ।

# “धान्यपूर्णिमा संक्षिप्त विचार विमर्स”



शिव प्रसाद गौतम

नेपाल कृषि प्रधान देश हो । यहाँ अधिकांश जनता कृषि पेशामा आश्रित छन् । आज मंसिर २२ गते धान्यपूर्णिमा पर्व परेको छ । यसका अतिरिक्त धान्य पर्वतदान, धनेश्वरमेला, उधौली पुजा, शिला पुन्हि-योमरीपुन्हि) गैडुपूजा, भपुरानीकोट बाघ भैरव पर्व, भक्तपुर अनन्त लिङ्गेश्वर मेला जस्ता पर्वहरू पनि आजै परेका छन् । धान अन्नहरुमा राजा हो अर्थात् धान मानिसहरूको प्रमुख खाद्यान्न बाली हो । धान मानवजीवनमा गरिने धार्मिक कार्यक्रमहरुमा पनि आवश्यक पर्ने खाद्यान्न बाली हो । धान सिरुका आकारमा लामा-लामा पात हुने नलका मुखबाट धेरै गेडा भएको बाला लाग्ने, खेतमा हिलो पारेर उमारिएको बिउ रोपेर वा बुगुल्टो माटोमा गेडै छरेर उमारिने, ओखली, ढिकी र मिसिनले कुटेर चामल बनाइने कालो, रातो र पहेँलो रङका गेडा लाग्ने एक जातको प्रमुख अन्न धान हो । धान राख्ने घर, धन्सार, धान आदि अन्न राख्ने सरकारी घर आदिलाई धान गोदाम भनिन्छ । धान पाकेर काट्ने बेलामा केटा र केटी बराबर भै अँगालो हाल्दै, खुट्टा बजार्दै र वरिपरि घुम्दै लयदार गीतका साथ साथै नाँच्ने, पूर्वी नेपालका विशेषत : लिम्बु-जातिमा प्रचलित प्रसिद्ध लोकनृत्य धान नाच हो । मंसिर महिनामा पर्ने पूर्णिमा, मार्ग शुक्ल पूर्णिमा धान्यपूर्णिमा हो । आजै धाने साहुहरूले धानको रास पर्वत बनाएर धान दान दिने प्रचलन पनि छ । यो प्रथा तराईमा प्रचलित छ ।

धनका मालिक कुवेर, विष्णुलाई धनेश्वर भनिन्छ । आज बाग्मती अञ्चल अन्तर्गत काभ्रे जिल्लामा पर्ने धानीपूर्णिमा र सोपछिको पञ्चमीमा ठूलो मेला लाग्ने महादेवको प्रसिद्ध मन्दिरमा मेला लाग्छ । यो मेलालाई धनेश्वर मेला भनिन्छ । गाईवस्तुको रक्षाका निम्ति आजै गोठमा पूजा गर्ने चलन छ । यो पूजालाई गैडुपूजा भनिन्छ । धान खेतिका लागि आवश्यक मल पशुबाट पूर्ति हुने र खेतबारी जोत्न गाईको बाच्छाहरुलाई सुमेरे गोरु बनाएर जोतिने हुनाले पशुलाई सम्मान गर्दै पूजा गरिन्छ । हाम्रो संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक छ । प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक छ । राज्यका निर्देशक सिद्धान्तहरुको नीति अन्तर्गत धारा ५१ को (ड) कृषि र भूमिसुधार सम्बन्धी नीतिका उप नियमहरुमा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हकहित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पाद र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरण सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्थ गर्ने हक र नीतिको संवैधानिक व्यवस्था भएतापनि व्यवहारिक रूपमा कार्यान्वयन भएको छैन । जसले गर्दा कृषि व्यवसायबाट कृषक पलायन भएर देशमा आवश्यक खाद्यान्न पूर्ति हुन नसक्दा बाह्य मूलुकबाट सालिन्दा खरबौ रूपैयाको खाद्यान्न आयात गर्नु परेको अवस्था छ ।

मंसिर महिनाको शुक्लपक्षको नवमीमा पाङ्गामा वैष्णको जात्रा मनाइन्छ । भोलिपल्ट किर्तिपुर लगायत सात गाउँमा इन्द्रायणी जात्रा मनाइन्छ । यसको चार दिन पछिको धान्यपूर्णिमाको दिन नेवार समाजमा चामलको पिठोको रोटीलाई सोली जस्तो बनाई त्यसभित्र सखखर (गुण) तील आदि राखेर “योमरी” खाने चलन छ । ब्राह्मण, क्षेत्री समूदायले आजकै दिन नयाँ धानको चामल खाने चलन छ । यसलाई न्वाई खाने पनि भनिन्छ । चामल भिजाएर त्यसमा चिनी दही केरा मिसाएर मुछेर खाइन्छ । यसमा मसलाहरु ल्वाङ, सुकमेल, नरिवल, मरिच पन राखेर खाने चलन छ । न्वाइ सबैलाई बाँडेर खाने प्रचलन पनि थियो । आजकल यो प्रथा लोप हुँदै गएको छ ।

धानको चामलको भात विश्वका सबै मानिसले खान्छन् । धानको चामल विश्वव्यापि छ । नेपालीहरु त भात नखाएसम्म अरू खाना खाएर खाँए भन्दैनन् । हाम्रो बिहान बेलुकाको प्रमुख खाना भात हो । भात खान धान खेती गर्नै पर्छ । धान हाम्रो प्रमुख अन्नबाली भएकोले आज हामी धान्यपर्व धानपूर्णिमा मनाइरहेका छौं । तर हामी भारत, चीनबाट चामल आयात गरेर भात खान्छौं । आजभन्दा केही वर्ष अगाडि नेपाल खाद्यान्नमा आत्मनिर्भर मात्र हैन । खाद्यान्न निर्यात गरेर वैदेशिक मुद्रा आर्जन गर्थ्यौं । अहिले खरबौंको चामल आयात गर्दछौं । यो लजास्पद कुरा हो । माओवादीको दश वर्षीय जनयुद्धले गर्दापहाडमा जनघनतव घट्यो, शहरमा बढ्यो । बसाइसराइले गर्दा शहरमा जनघनत्व बढ्यो । गाउँका भूमिबस्ती हिन भए । खेतबारी सबै बाँझा भए । उत्पादन घट्दै गयो । हाम्रा रैथाने जातका धानका बीउहरु हराउँदै गए । अहिले हामीकहाँका धानको बीउ खोज्न फिलिपिन्स जानुपर्ने भएको छ । वर्णशंकर धानको बीउ एक उत्पादनमा मात्र काम लाग्छ । सालिन्दा धानको बीउ खरिद गर्नुपर्दा कृषक मारमा छन् । सरकारले समयमा कृषकलाई मल बिउ र किटनाशक औषधी उपलब्ध गराउँदैन । सिचाईको पनि व्यवस्था छैन । मौसममा भर पर्नु पर्छ । भनिन्छ “नेपालको कृषि मनसुनको जुवा हो ।” राजनीतिज्ञहरु नेपाल कृषि प्रधान देश हो भनेर भाषण गर्छन् । खाद्यान्न विदेशबाट बेसाएर खान्छन् । आज धान्यपूर्णिमा धान पर्व हामीले शब्दले मनाउने होइन व्यवहारले मनाउ । यसैमा हाम्रो कल्याण छ । अन्यथा निकट भविष्यमा हामी खाद्य संकटको भुमरीमा परेर खान नपाएर मर्नेछौं । सबैमा चेतना भया ।

# उधौली पर्व मनाइँदै

रासस
काठमाडौं, २१ मंसिर

प्रकृति पुजारी किराँत समुदायको दोस्रो महत्वपूर्ण चाड उधौली देशभर हर्ष उल्लासका साथ मनाईंदै छ । हरेक वर्ष मङ्सिर पूर्णिमाका दिन उधौली चाड मनाउने गरिन्छ ।

'किराँत राईहरुको दोस्रो महान चाड उधौलीमा अन्नबाली भित्र्याउनुअघि प्रकृति र पितृको पूजा गर्ने चलन छ', किराँती राई यायोखखाका अध्यक्ष जीवन हाताछो राई भन्नुहुन्छ, 'यस चाडमा किराँती एकापसमा भेला भएर सन्नठितरुपमा चाड मनाउने र शुभकामना आदनप्रदान गर्ने गरिन्छ ।' किराँतको धार्मिक पुस्तक मुन्धुमअनुसार समयलाई दुई भागमा बाँडेको छ, उधौली र उभौली । खेतीकिसानीका आधारमा यी दुई समय बाँडिएको किराँत समुदायको बुझाइ छ । वैशाख पूर्णिमामा उभौली चाड मनाइन्छ । खेती किसान गर्नका लागि मनाइने चाड उभौली हो । बाली भित्र्याउने समयलाई उधौली चाड मनाउने गरिन्छ । बाली भित्र्याउनुअघि प्रकृतिसँग नजिक देवताका पूजा गरेर आफ्ना पुर्खा/पितृलाई सम्मान गर्दै चढाउने प्रचलन रहेको छ ।

'धर्ती तातो हुँदै जाँदा चराचुरुङ्गी लेकतिरको शीतलतर्फ जान्छन्, त्यो समयको चाड उभौली भनियो । यो समयमा चिसो बढ्दै जाँदा लेकका चराचुरुङ्गी तराईतिर झर्छन्, यसलाई उधौली भनिएको हो', किराँती राई यायोखखाका अध्यक्ष राईले बताउनुभयो । यता, संस्कृति अध्यता भोगिराज चाम्लिङका अनुसार उधौली र उभौली चाड मनाउने तरिका फरक छ । उहाँ भन्नुहुन्छ, 'उभौलीमा ढोल झ्याम्टा बजाउने, साकेला शिली गरेर धर्तीलाई जगाउने प्रचलन छ । अब उधौलीमा पृथ्वीलाई सुत्न अर्थात् आराम दिनुपर्छ भन्ने विश्वास गरिन्छ । त्यसैले यस बेला प्रकृतिको पूजा गरे पनि धेरै होहल्ला गर्न हुन्न भन्ने धार्मिक मान्यता छ । तर पछिल्लो समय सहर बजारमा कृषि संस्कृति र जीवनशैली नभएका कारण उधौली भैँ ढोल झ्याम्टा बजाउँदै नाचगानसमेत गरिन्छ ।'

# पर्यटकीय गन्तव्यले तानेको आन्तरिक पर्यटक

- कृष्ण न्यौपाने
तनहुँ, २१ मंसिर (रासस)

तनहुँका पर्यटकीय गन्तव्य आन्तरिक पर्यटकको गन्तव्यस्थलका रूपमा विकास हुन थालेका छन् । पर्यटकलाई लक्षित गरी नयाँ-नयाँ गन्तव्य थपिएपछि त्यस्ता गन्तव्य आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेका हुन् । खासगरी कोभिड-१९ को सङ्क्रमणको बीचमा जिल्लामा थपिएका पर्यटकीय गन्तव्यले प्रचारप्रसार पाउँदा त्यसको फाइदा अहिले भइरहेको बताइन्छ ।

घिरिङ गाउँपालिका-१ पुङ्ग्रमा पर्यटक आकर्षित गर्न रूखमा पुल निर्माण गरिएको छ । शालिग्राम उद्यानभित्र रहेको रूखमा निर्माण गरिएको पुल पर्यटकको रोजाइमा पर्न थालेको छ । डिभिजन वन कार्यालयको रु १५ लाख सहयोगमा पुङ्ग्र युवा क्लबले सम्झौता गरेर रूखमा पुल निर्माण गरेको सचिव मणि सिग्देलले जानकारी दिनुभयो । सिग्देलका अनुसार यसमा स्थानीय उपभोक्ताले रु तीन लाख बराबरको श्रमदान गरेका छन् । “शालिग्राम उद्यानभित्र केही नयाँ पूर्वाधार निर्माण गरौँ भन्ने सोचका साथ दुई रूखलाई समेटेर फलामको पुल बनाएका हौँ”, उहाँले भन्नुभयो, “यो जिल्लामै नयाँ भएकाले यसले आन्तरिक पर्यटकलाई आकर्षित गरेको छ ।” जिल्लामा यसअघि म्याग्देमा रूखमाथि घर निर्माण गरिएको थियो । त्यसले आन्तरिक पर्यटकको ध्यान खिच्यो । फोटो तथा भिडिओ खिच्नका लागि पर्यटक त्यस ठाउँमा ओइरिए । रूखमाथि पुलले पनि आन्तरिक पर्यटकलाई यहाँसम्म डोऱ्याउने सिग्देलको विश्वास छ । उद्यानभित्र दुबोलगायत विभिन्न प्रजातिका बिरुवा रोप्ने तयारी छ । साथै उद्यानलाई कम्पाउण्ड गरिनेछ । उक्त पुलमा एकैपटक १० जना चढ्न मिल्नेछ । डिभिजन वन कार्यालयले उद्यान निर्माणका लागि बजेट सहयोग गर्दै आएको छ । वनको रु १२ लाख ५० हजार सहयोगमा म्याग्दे गाउँपालिका-२ स्थित ज्यानटाङ सामुदायिक वनभित्र निर्माण गरिएको उद्यानसहितको 'ट्री हाउस' ले निकै चर्चा कमाएको छ । पृथ्वीराजमार्गबाट दुई सय मिटरको दूरीमा रहेको उक्त ठाउँलाई पर्यटकीयस्थल बनाउने उद्देश्यबमोजिम उद्यानका साथै रूखमा घर बनाइएको हो । रूखलाई भित्र पारेर काठको घर निर्माण गरिएको छ । दुई स्टेप बस्न मिल्ने गरी घर निर्माण गरिएको छ । पाँच/सातजना चढेर त्यहाँबाट दृश्यावलोकन गर्न मिल्नेछ । राजमार्गबाट नजिकै भएकाले पनि यस ठाउँले चर्चा पाएको छ ।

भिमाद नगरपालिका-९ मोहोरियामा एउटा अग्लो ढुङ्गा छ । ढुङ्गालाई सिङ्गारेर आकर्षण बनाइएको छ । वरिपरि उद्यान बनाइएको छ । अग्लो ढुङ्गा सिङ्गारेर उद्यान बनाइएपछि आन्तरिक पर्यटकको चहलपहल बढेको छ । गत वर्ष मात्रै अग्लो ढुङ्गा हेर्न १७ हजार पर्यटक पुगेका छन् । घाङ्चलुम भनेको मगर भाषामा अग्लो ढुङ्गा हो । मोहोरियाको जङ्गलमा अग्लो ढुङ्गा परापूर्वकालदेखि नै थिए । भट्ट हेर्दा आकर्षक देखिने चुच्चे अग्लो ढुङ्गा ढुङ्गामै सीमित थिए तर, अहिले तिनै ढुङ्गालाई सिङ्गारेर उद्यान बनाइएको छ ।

जङ्गलमा बेवारिसे ढुङ्गा सिङ्गारिएला र चिटिक्कको पार्क बन्ला भन्ने कल्पनासमेत नभएको स्थानीय बाबुराम रानाले बताउनुभयो । उहाँले भन्नुभयो, “जङ्गलको बीचमा थियो, परार साल जङ्गल फाँडेर देखिने बनायौँ, अहिले उद्यान बनेको छ, यस्तो राम्रो उद्यान बन्ला भनेर कसैले चिताएका थिएनौँ ।” गण्डकी प्रदेश सरकारको रु २० लाखको लगानीमा उद्यान निर्माण गरिएको छ । उद्यान निर्माणका लागि स्थानीयले १० प्रतिशत लागत सहभागिता बेहोरेका थिए । ढुङ्गा सिङ्गारेर उद्यान बनाइएपछि आन्तरिक पर्यटकको चहलपहल सुरु भएको वडा सदस्य शिवकुमार आलेले बताउनुभयो ।

उद्यानमा चराको गुँड पनि बनाइएको छ । ढुङ्गाको खोपिल्टोमा चराचुरुङ्गीले पानी पिउन मिल्ने गरी सानो पोखरी, चराको चुच्चोबाट पानीको फोहोरा झार्ने संरचना निर्माण गरिएको छ । घाङ्च लुम आसपास ढुङ्गाले चिनेर चिटिक्क पारिएको डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो । यहाँ पैदल मार्ग बनाइको छ भने चराचुरुङ्गी आकर्षित गर्न चेरीको बिरुवा रोपिएको छ । सूर्योदय र कुहिरोको दृश्य हेर्न तनहुँको व्यास नगरपालिका-५ स्थित मानुङकोटमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बिहानैको समयमा सूर्योदय र कुहिरो हेर्न सयौँको सङ्ख्यामा पर्यटक मानुङकोट डाँडा पुग्छन् । अन्य दिनभन्दा शनिबार मानुङकोटमा पर्यटकको चाप बढ्ने गरेको छ । शनिबारका दिन करिब पाँच हजार पर्यटक यहाँ पुग्छन् । चिसो मौसम सुरु भएसँगै अरू दिनको तुलनामा शनिबार पर्यटक बढी हुने व्यास-५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले बताउनुभयो । मानुङकोटबाट कुहिरो, सूर्योदय र हिमालको मनोरम शृङ्खला देखिने भएकाले पर्यटकको चहलपहल बढेको हो । मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । जाडो मौसम भएको र मानुङकोटमा बिहानै घाम लाग्ने भएकाले पनि आन्तरिक पर्यटक बिहानै यहाँ पुग्ने गरेका छन् । दमौली बजारलाई कुहिराले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ ।

# मर्स्याङ्दीमा पूर्ण क्षमताको बिद्युत उत्पादन

पोखरापत्र संवाददाता
तनहुँ, २१ मंसिर

तनहुँको आँबुखैरेनी गाउँपालिकामा रहेको मर्स्याङ्दी जलविद्युत् आयोजनाले हिउँदको सुख्खा समयमा पनि पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्दै आएको छ । गत असोज महिनामा भएको अत्याधिक वर्षाका कारण नदीमा बढेको पानीको बहाव अहिलेसम्म पर्याप्त रहेकाले पूर्ण क्षमतामा विद्युत् उत्पादन भइरहेको हो ।

विगतका बर्षको यसै समयमा पानीको बहाव घट्दा ४० मेगावाटको हाराहारीमा विद्युत् उत्पादन हुने गरेको केन्द्रका इन्जिनियर जगदीश ढुङ्गानाले जानकारी दिनुभयो ।यस आयोजनाको तीनवटा युनिटबाट २३ मेगावाटका दरले ६९ मेगावाट विद्युत् उत्पादन गरी बितरण हुँदै आएको उहाँले बताउनुभयो । मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी भएकोले गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिउँ पग्लेर आउने भएकाले नदीमा पानीको बहावमा खासै कमी नहुने सो केन्द्रले जनाएको छ । सहायक नदी र खोलामा पानीको बहाव बढेसँगै विद्युत् उत्पादन पनि बढ्ने गरेपनि हिउँद महिनमा कम विद्युत उत्पादन हुने गरेको थियो ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : व्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

